# आठौं जिल्ला सभा, नीति तथा कार्यक्रम,
# आ.व. २०८१/८२
# विदुर, नुवाकोट

**आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु !!!**

नेपाली जनताको लामो त्याग, बलिदान र संघर्षको माध्यमबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित ऐतिहासिक आठौं जिल्ला सभामा आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । ऐतिहासिक संविधान सभाबाट जारी भएको नेपालको संविधान बमोजिम बहुलवादमा आधारीत बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र नागरीकका अधिकारहरु स्थापित गर्ने क्रममा आफ्नो जीवनको आहुती दिनुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, यही असोज १० देखी १३ गते सम्म मनसुनजन्य विपद् बाट मुलुकभरीका विभिन्न स्थानहरुमा जीवन गुमाउनुहुने मृतकहरुको दिवंगत आत्माको चिर शान्तिका लागी कामना र समवेदना व्यक्त गर्दछु, तथा घाइते हुनुभएका सम्पूर्णमा शिघ्र श्वास्थ्य लाभको कामना गर्दछु । विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । लोकतन्त्र र सामाजिक न्याय प्राप्तिको आन्दोलनको अगुवाइ गरी बेपत्ता हुनु भएका व्यक्तिहरुको स्मरण गर्न चाहान्छु ।

## १. <u>नुवाकोट जिल्लाको संक्षिप्त भौगोलिक, राजनितिक तथा प्रशासनिक पृष्ठभूमीः</u>

- बागमती प्रदेशका कुल तेह (१३) वटा जिल्लाहरु मध्ये नेपालको राजधानी काठमाण्डौंको उत्तर पट्टी अवस्थित नुवाकोट एक पहाडी जिल्ला हो । उपोष्ण देखी लेकाली हावापानी सम्म पाइने यस जिल्ला कुल १,१२१ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको छ ।
- ज्यामितिय हिसाबमा नुवाकोट जिल्ला उत्तरी अक्षांश २० डिग्री ४५ मिनेट देखि २८ डिग्री २० मिनेट सम्म र पूर्वी देशान्तर ८५ डिग्री ० मिनेट देखि ८५° ४५ मिनेट सम्म फैलिएको छ भने भू-बनोट जिल्लाको सबैभन्दा होचो भाग दक्षिणको त्रिशुली नदी किनारमा रहेको महादेवफाँट भन्ने स्थान ४५० मिटर (समुन्द्र सतहबाट) र सबैभन्दा अग्लो भाग दुप्चेश्वर गा.पा. घ्याङ्गफेदीको उत्तरी सिमानाको तिनचुली भन्ने स्थान ५,१४४ मिटर उचाई सम्म फैलिएको छ ।
- तादी र त्रिशुली नदीको संगम स्थल देविघाट, भैरवीदेवी, वनदेवी, दुप्चेश्वर महादेव, चिम्टेश्वर, लौके झरना, फुङफुङ्ग झरना, उत्तरगयाधाम, सागरकुण्ड, सुर्यकुण्ड, नुवाकोट ७ तले दरवार, ककनी जस्ता साँस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय महत्त्वका ठाउँहरू रहेका यस जिल्ला प्रशिद्ध धार्मिक क्षेत्र गोसाईकुण्ड र मनोरम पर्यटकीय हिमाली भेग लाङटाङ क्षेत्र जाने प्रमुख पर्यटकीय मार्ग रहेको छ ।
- पासाङ्गल्हामु राजमार्ग, मध्येपहाडी (पुष्पलाल) लोकमार्ग, गल्छि-त्रिशुली-मैलुङ्ग-स्याफ्रुबेसी सडक लगायतका मुख्य-मुख्य सडक सञ्जाल रहेका यस जिल्लामा छहरे, ढिकुरे, शिखरबेसी, शेरा, महादेव फाँट, पिपलटार, गेर्खुटार, रातामाटेटार, समुन्द्रटार, सिमराफाँट, चाउथे, फिर्के लगायत जिल्लाको खाद्यान्न परिपुर्तिमा उल्लेखनीय योगदान पुर्‍याउने उर्वर र मलिला बेसी फाँटहरुले रहेका छन् ।

- बेलकोट, मालाकोट, धुँवाकोट, भैरुमकोट, कालिकाकोट, सल्यानकोट, सिमलकोट, धैबुङकोट, प्यासकोट जस्ता नौ वटा कोट वा किल्लाहरुको संगम भूमिको रुपमा परिचित नुवाकोटलाई गोपालवंश देखिनै नवकोट, नवकोट्य, नवक्वाथ, नौकोटबाट क्रमशः अपभ्रंश हुदै हालको नुवाकोट शब्द नामाकरण भएको हो ।
- भौगोलिक वनावटः

| | |
|---|---|
| उच्च हिमाली क्षेत्र | २.२ प्रतिशत |
| उच्च पहाडी क्षेत्र | १४.५ प्रतिशत |
| मध्य पहाडी, वेंसीटार क्षेत्र | ८३.३ प्रतिशत |

- राजनैतिक विभाजन अनुसार दुई संघीय निर्वाचन क्षेत्र, चार प्रदेश निर्वाचन क्षेत्र, २ नगरपालिका र १० गाउँपालिका सहित बाह्र स्थानीय तह र जम्मा ८८ वडा रहेका छन् ।

## २. <u>जिल्ला सभाको कानूनी तथा नीतिगत आधारः</u>

नेपालको संविधान, गाउँ नगर जिल्ला सभा सन्चालन कार्यविधि ऐन २०७५, संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका कानूनी तथा नीतिगत आधारमा यो ऐतिहासिक आठौं जिल्ला सभा सञ्चालन, व्यवस्थापन तथा **नीति तथा कार्यक्रम** प्रस्तुत गर्न मार्ग निर्देश गरेको व्यहोरा अवगत गर्न चाहान्छु ।

## ३. जिल्ला समन्वय समितिबाट आ.व.२०८०/०८१मा सम्पादित कार्यहरुको संक्षिप्त प्रतिवेदनः

- **आर्थिक प्रतिवेदनः**

आ.ब. २०८०/०८१ को जिल्ला समन्वय समितिको आर्थिक प्रतिवेदन निम्नानुसार भएको व्यहोरा सम्मानित सभा समक्ष निवेदन गर्दछु ।

| क्र.सं. | स्रोत | बजेट प्रास शिर्षक | बार्षिक बजेट रु. | वार्षिक खर्च/निकासा रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संघीय सरकार अनुदान | जि.स.स.को कार्यालय चालु प्रशासनिक खर्च अनुदान कार्यक्रम | १,५१,०८,०००/- | १,०४,७२,८१८.७३/- | ६९.३१% *विनियोजित रकम कम खर्च हुनुमा यस कार्यालयमा दरबन्दि बमोजिमको जनशक्तिहरुको पदपूर्ति हुन नसक्नु* |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | प्रदेश सरकार कार्यक्रम अनुदान | बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय जि.स.स. सहयोग कार्यक्रम | ४०,००,०००/- | ३५,७९,९४१/- | ८९.४९ % |
| जम्मा | | | १,९१,०८,०००/- | १,४०,५२,७५९.७३/- | ७३.५४ % |

**समग्र जिल्लाको आ.व. २०८०/०८१ को चालु तथा पूँजीगत खर्चको अवस्था निम्नानुसार रहेको व्यहोरा सम्मानीत सभा समक्ष जानकारी गराउँदछु ।**

| सरकार | | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|---|
| चालु | बजेट | ५,९३,१८,७४,७२९ | १,३३,७४,९३,६४७ | ४,५२,२१,५४,७५७ |
| | खर्च | ५,३९,७७,०५,४९८ | १,०१,७९,१८,०५८ | ३,७७,१४,१२,२३० |
| पुँजीगत | बजेट | २,६७,६१,४४,७५३ | ३,५२,४०,५७,१०० | २,५७,३७,८६,०५६ |
| | खर्च | २,३७,७०,११,२४३ | २,९४,८९,४६,२८० | १,८३,३१,९८,०३८ |
| जम्मा | बजेट | ८,६०,८०,१९,४८२ | ४,८६,१५,५०,७४७ | ७,०९,५९,४०,८१४ |
| | खर्च | ७,७६,४२,४३,९२२ | ३,९६,६८,६४,३३८ | ५,६०,४६,१०,२६८ |
| खर्च प्रतिशत | चालु तर्फ | ९०.९९% | ७६.११% | ८३.४०% |
| | पूँजीगत तर्फ | ८८.८२% | ८३.६८% | ७१.२३% |
| | जम्मा | ९०.२०% | ८१.६०% | ७८.९८% |

## ४. जिल्ला समन्वय समितिबाट आ.व. २०८०/०८१ मा सम्पादित महत्वपूर्ण कार्यहरुः

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने संवैधानिक तथा कानूनी कार्य सम्पादन गरियो ।
- जिल्ला स्थित विषयगत कार्यालयहरु र स्थानीय तहहरुको सहभागितमा त्रैमासिक समिक्षा र वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरियो ।
- जिल्ला समन्वय समितिको आयोजनामा नुवाकोट जिल्लाका सबै स्थानियतहहरुमा प्राकृतिक तथा गैह्र-प्राकृतिक रुपमा आइपर्ने विपद्को व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धि अनुशिक्षण कार्यक्रम तथा जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहको विषयसँग सम्बन्धित अन्तर्किया कार्यक्रम १/१ दिन प्रत्येक स्थानीयतहहरुमा सञ्चालन गरीयो ।
- जिल्ला समन्वय समिति, नुवाकोटको आयोजनामा नुवाकोट जिल्लाका सबै स्थानियतह हरुमा LISA/FRA सम्बन्धि अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने निर्यानुसार प्रत्येक स्थानिय तहहरुमा अध्यक्ष/उपाध्यक्ष, नगरपालिकाका प्रमुख/उपप्रमुख. प्रमुख प्रशासकिय अधिकृत FRA Focal Persons हरुलाई समावेश गरेर स्थानिय तहमा वित्तिय सुशासन जोखिम मूल्यांकन कम गर्ने कार्यमा सयोग होस् भन्ने अभिप्रायल प्रदेश सुशासान केन्द्र, जावलाखेलको सहयोगमा स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धी एक दिने अनुशिक्षण कार्यक्रम प्रत्येक स्थानीय तहहरुमा र एक दिन जिल्ला समन्वय समितिको कार्लयमा गरी जम्मा तेह्र वटा कार्यक्रम सञ्चालन गरीयो ।
- गाउँपालिका/नगरपालिकाहरु मा कामकाज गर्नुहुने न्यायीक समितिका पदाधिकारीहरु एवं न्यायिक सहजकर्ताहरुलाई न्यायिक निरुपण सहज तवरले होस भन्ने अभिप्रायले स्थानीय तहमा कार्यारत न्यायिक समितिका पदाधिकारीहरु एवं न्यायिक सहजकर्ताहरु, जि.स.स. सदस्यहरु तथा जि.स.स.का कर्मचारीहरुलाई नुवाकोट जिल्ला अदालतको प्राविधिक सहयोगमा एक दिने अनुशिक्षण कार्यक्रम सञ्चालन गरियो ।
- जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोटले जिल्लामा विभिन्न कार्यालयहरु द्वारा सञ्चालित विकास आयोजनाहरुमा जिल्ला समन्वय समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा स्थनीय तहका जनप्रतिनिधि, स्थानीय जनता, सञ्चारकर्मीहरु लगायतको सहभागीता रही अनुगमन कार्य गर्दै आएको छ, अनुगमनका क्रममा भेटिएका गल्ती तथा कमीकमजोरी निर्क्योल गरी सुधार र सुझाव समेटी प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालय र स्थानीयतहहरुमा प्रेषण गर्ने कार्य गरीयो ।

- जिल्लाका विभिन्न पालिकाहरुमा भएको नदीजन्य पदार्थहरुको अत्यादिक दोहन हुन नदिन अनुगमन समितिबाट अनुगमन गरि नदीजन्य पदार्थको उत्खनन, संकलन र विक्रि वितरण कार्यलाइ व्यवस्थित गर्न समन्वयात्मक प्रयास गरीएको र नदिजन्य पदार्थको अनियमित तवरले

दोहन भएकोमा प्रचलित कानून बमोजिम कार्यवाहि अगाडी बढाउन पालिकाहरुलाइ लेखी पठाउने कार्य गरीयो जसबाट आ.व.२०८०/०८१ मा जम्मा २२ (बाइस) वटा ढुवानी साधनहरुलाई कारवाही गरीएको व्यहोरा यस सभा समक्ष जानकारी गराउँदछु ।

- समग्र नुवाकोट जिल्लाको वस्तुस्थिति झल्काउने अभिप्रायले जिल्ला समन्वय समिति, नुवाकोटको निर्णयानुसार जिल्ला समन्वय अधिकारी ज्यूको संयोजकत्वमा "**जिल्ला वस्तुगत विवरण, नुवाकोट-२०८१**" पुस्तक तयारीका लागी ५ सदस्यीय कार्यदल गठन गरी पुस्तक निर्माण, प्रकाशन तथा विमोचन कार्य गरी उक्त पुष्तक सबै स्थानीय तहहरु, जिल्ला स्थित सरकारी कार्यालयहरु, संघीय तथा प्रदेश मन्त्रालयहरु, जि.स.स महासंघ तथा ७७ वटै जि.स.सहरुमा पठाउने व्यवस्था गरीयो ।
- प्रदेश तथा स्थानिय स्तरका विषयहरुमा समन्वय र सहजिकरण गर्ने हेतुले मिति २०८०/०२/११ गते स्थानिय तहहरु तथा प्रदेश कार्यालयहरु सँग प्रदेश तथा स्थानिय स्तरका विषयहरुमा समन्वय र सहजिकरण बैठक सञ्चालन गरी प्रदेश सम्बन्धित मन्त्रालय तथा निकायहरुमा निर्णय कार्यान्वयनका लागी प्रतिवेदन तयार गरी पठाइयो
- नुवाकोट जिल्ला गणतन्त्र दिवस मूल समारोह समितिद्वारा आयोजित, जिल्ला समन्वय समिति, नुवाकोट ले विदुर नगरपालिका सँगको सहकार्यमा रक्तदान कार्यक्रम सम्पन्न गरीयो । जिल्ला समन्वय प्रमुख, उप-प्रमुख, विदुर नगरपालिका प्रमुख, उप-प्रमुख तथा प्रमुख जिल्ला अधिकारी लगायतको उपस्थितिमा जिल्ला स्थित सरकारी कार्यालयका कर्मचारीहरु, राजनीतिक दलका प्रतिनीधिहरु, सुरक्षा निकायका सुरक्षाकर्मी, नागरीक समाज तथा सञ्चार जगतको सहभागितामा उक्त रक्तदान कार्यक्रम सम्पन्न गरीएको गरीयो ।
- बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, शासकीय सुधार शाखाको पत्र प्राप्त भई जिल्ला समन्वय समितिको निर्णयानुसार जिल्लाका बाह्रवटै स्थानीय तहका प्रमुख/उप-प्रमुख, अध्यक्ष/उपाध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृत, संघीय कार्यालयहरुका प्रमुख/प्रतिनिधिहरु, प्रदेश कार्यालयहरुका प्रमुख/प्रतिनिधिहरुलाई आमन्त्रण गरी प्रदेश समन्वय परिषद्का निर्णयहरुका कार्यान्वयन सम्बन्धी छलफल गरीयो ।
- नेपालको संविधान (२०७२) को धारा ५६ (४) बमोजिम स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १२ को दफा ९२ (३) को प्रयोजनको लागी र सोही ऐनको दफा ९६ (१) वमोजिम सातौं जिल्ला सभा सञ्चालन गरीयो । कार्यक्रममा आ.व. २०७९/०८० मा भएका कार्यहरुको समिक्षा गरिनुका साथै समन्वय समितिले आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम सभामा पेश गरी पारित गरेको थियो ।

## आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु,

५. ***"ऐतिहासिक नुवाकोट जन, जङ्गल र जलाधार- कृषि पर्यटन पूर्वाधार विकास समृध्दिको आधार "*** भन्ने मूल उदगारका साथ नव नेपाल निर्माणका यो अभियानमा सबै गाउँपालिका/नगरपालिकालाई मार्गदर्शन गरी देहायका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका हेतु आज यस सम्मानीत सभामा प्रस्ताव गरेको छु । गाउँपालिका, नगरपालिका, जिल्ला सभाको प्रभावकारी र सक्षम नेतृत्व बाट उल्लिखित नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयन भइ उपलब्धी हासिल हुने छ भन्ने विश्वास समेत लिएको छु । केही समस्या र चुनौतीहरु विद्यमान भएतापनी आर्थिक तथा सामाजिक समृद्धि सहितको दिगो विकासका लागी यस जिल्ला भित्र थुप्रै सम्भावना तथा अवसरहरु रहेका छन् । समस्या र चुनौतीहरुलाई चिर्दै छिचोल्दै अवसर र सम्भावनाहरुको पूर्ण उपयोग गर्दै अगाडी बढ्न हामी सबैको साझा प्रयत्न रहने कुरामा म विश्वस्त छु ।

१. संघीयतामा मुलुक गएपछि महिला, बालबालिका, जेष्ठनागरी, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकका विषयहरु ओझेलमा परेका हुन् की भन्ने सर्वसाधारणमा उब्जिएको आशंकाको अन्त्य गरी सबैको सहभागीता र सहयोगमा समावेशी विकास गर्न उल्लेखित क्षेत्रको सक्रिय सहभागीताको लागी सबै पालिकाहरुले नीतिगत व्यवस्था गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्न जिल्ला अनुगमन समितिले समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।
२. विकास योजना/कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन गर्नुका साथै प्रदेशस्तरिय कार्यालयहरू र स्थानीय तहहरूको त्रैमासिक तथा वार्षिक प्रगति समिक्षा कार्यलाई निरन्तरता दिइनेछ ।
३. पुर्वाधार निर्माणमा गुणस्तर कायम गर्न प्रथम त्रैमासिक भित्रमा ठेक्का पट्टा तथा उपभोक्ता समुहसँग सम्झौता गर्ने व्यवस्था गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । विकास निर्माणको काम सुचारु भएको समयमा प्रविधिक कर्मचारी तथा सुपरभाइजरको अनिवार्य उपस्थिति हुने व्यवस्था मिलाइनेछ र यसको अनुगमन जिल्ला अनुगमन समिति बाट गर्ने व्यवस्था गरिनेछ ।
४. जिल्लाभित्र संचालन हुने विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सरकारी तथा गैरसरकारी संघ संस्थाबाट सञ्चालन भएका योजना र कार्यक्रमको प्रभावकारिता, उपयुक्तता र सन्तुलित भए नभएको अनुगमन गरी पृष्ठपोषण गरिनेछ।
५. जिल्लाभित्र सञ्चालन भएका संघीय तथा प्रदेश स्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयन अवस्था बुझ्न नियमित अनुगमन गरी समस्या समाधान गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।
६. वातावरण र विकास बीच समुचित सन्तुलन कायम गरी दिगो विकास गर्न तथा अव्यवस्थित विकास निर्माण, जलवायु परिवर्तन लगायतका कारणबाट प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल असर न्यूनीकरण गरी प्राकृतिक स्रोतको समुचित उपयोग गर्न र विकासको नाममा निम्त्याउने विनास

न्युनिकरण गर्न जिल्लाभित्र मेशिनरी साधनको प्रयोग गरी नयाँ सडकको ट्र्याक निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

७. जिल्लामा हुन सक्ने सम्भावित प्रकृतिक प्रकोप र विपद् व्यवस्थापनको लागि जिल्ला स्थित स्थानीय प्रशासन, सुरक्षा निकाय, सरोकारवाला जिल्लास्थित कार्यालय, निकाय सामाजिक संघ संस्था जिल्ला स्थित राजनीतिक दल स्थानीय तहका प्रमुखहरु, निजि क्षेत्र सँग समन्वय र सहकार्य गरि जिल्ला आपत्कालिन सेवा केन्द्र (DEOC) लाई स्रोत साधन सम्पन्न बनाउने तर्फ पहल गरिनेछ । साथै सवै स्थानीय तहमा स्थानीय आपत्कालिन सेवा केन्द्र (LOEC) र वडास्तरीय आपत्कालिन सेवा केन्द्र (WOEC) स्थापना र संचालनमा ल्याइनेछ ।

८. ढुङ्गा, गिट्टी, बालुवाको अनाधिकृत उत्खनन्, संकलन ढुवानी तथा बिक्री वितरणलाई नियन्त्रण गर्न जिल्ला समन्वय प्रमुखको अध्यक्षतामा रहेको जिल्ला अनुगमन समितिको अनुगमन कार्यलाइ प्रभावकारी, वस्तुनिष्ठ र यथार्थपरक बनाइनेछ ।

९. नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ को दफा १५ उपदफा ४ बमोजिम अनुगमन कार्य एवं वातावरणीय प्रभाव मुल्याङ्कन तथा प्रविधिक समितिले गर्ने कार्यहरु लागायतका कार्यहरु संचालनका लागी स्थानीय तहहरुले शुन्य दशमलव पाँच (०.५) प्रतिशत राजश्व जिल्ला समन्वय समितिको खातामा उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था बमोजिम नदीजन्य तथा साधारण निर्माणमुखी खानीजन्य कार्यबाट प्राप्त राजश्वको ०.५ प्रतिशत राजश्व सबै नगरपालिका र गाउँपालिकाबाट जिल्ला समन्वय समितिको खातामा जम्मा गरिनेछ ।

१०. ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् कार्यलाई व्यवस्थित गरी स्थानीय तहको आन्तरीक आयलाई सुदृढ गर्न वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा ठेक्कापट्टाको माध्यमबाट मात्र उत्खनन् तथा ओसार-पसार गर्ने व्यवस्था कडाइका साथ लागु गरी चोरी निकासी तथा राजस्व चुहावट रोक्न पहल गरिनेछ र कानून विपरीत नदीजन्य पदार्थको उत्खनन् तथा ओसार-पसार गरेको पाइएमा "बागमती प्रदेश आर्थिक ऐन, २०८१" अनुसार कारवाहीको व्ववस्था स्थानीय तहले गर्ने र यसको सहजीकरण जिल्ला अनुगमन समितिले गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

११. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ (७) र बागमती प्रदेश सरकारको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ को दफा १५ (५) बमोजिम सबै नगरपालिका र गाउँपालिकाले कार्यदल गठनगरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, बिक्रि तथा व्यवस्थापन कार्यको नियमित अनुगमन गरी नियमन गर्ने व्यवस्था मिलाई सोको प्रतिवेदन जिल्ला अनुगमन समितिलाई समेत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१२. नगरपालिका र गाउँपालिकाले प्रत्येक आर्थिक बर्षमा बजेट तर्जुमा गर्दा महिला, बालिबालिका, दलित तथा पछाडि परेका वर्ग र समुदायका लागि लक्षित कार्यक्रमहरुमा निश्चित प्रतिशत बजेट विनियोजन गरी सो वर्गको सशक्तिकरण, प्रतिनिधित्व र सहभागीता सुनिश्चित हुने गरी कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्थाको लागी समन्वय गरीनेछ ।

१३. सामाजिक र आर्थिक विकास बिना पूर्वाधारमा गरीएको लगानी दिगो प्रतिफल दिने खालको नहुने र यसले सर्वसाधारणमा नैरास्यता बढाउने भएकाले सामाजिक र आर्थिक विकासमा लागानी बढाउन सबै पालिकाले पहल गर्ने साथै संघ र प्रदेश सरकारलाई समेत आर्थिक तथा सामाजिक क्षेत्रमा लगानी बढाउन अनुरोध गर्ने ।

१४. आत्महत्या गर्नेहरुको संख्या दिनानुदिन बृद्धि भइरहेको छ । मनोरोग तथा हाइपरटेन्सन न्यूनीकरण गर्दै आत्महत्यामा कमि ल्याउन सबै मनोपरामर्श सेवा केन्द्र र स्वास्थ्य संस्थाहरुमार्फत मनोसामाजिक परामर्शकर्ताहरुबाट नियमित रुपमा समुदायमा मनोपरामर्श दिने व्यवस्था गर्न आवश्यक सहजीकरण गरिनेछ । साथै स्थानीय तहहरुमा मनोसामाजिक परामर्शदाताको व्यवस्था गर्ने पहल गरिनेछ।

१५. नुवाकोट बासिको आम्दानिको मुख्य श्रोतका रूपमा रहेको कृषिलाइ व्यवसायिकरण गर्न तथा कृषकलाइ मल र बिउ समयमा नै उपलव्ध गराउन प्रदेश र संघीय सरकार सँग आवश्यक समन्वय गरिनेछ ।

१६. कृषि क्षेत्रको व्यवसायीकरणको लागी उत्पादन बढाउनुको साथै गुणस्तरियतामा सुधार गरिनेछ । पालिकाको पहलमा सामुहिक लोगो (Public Branding) प्रयोगमा ल्याउन विशेष पहल गरिनेछ ।

१७. किस्पाङ गाउँपालिकाको पानसय खोला भेडा फार्म ( दुम्पाङ चौर ) मा अवस्थित भेडा फार्मलाई भेडा तथा च्याङ्ग्रा राष्ट्रिय अनुसन्धान केन्द्र स्थापना गर्न प्रादेशिक तथा संघीय सरकार समक्ष अनुरोध तथा पहल गरीनेछ ।

१८. सबै पालिकाहरुको आन्तरीक स्रोतको दिगो विकास गरी आत्मनिर्भर पालिका बनाउनको लागी पालिकागत आन्तरीक स्रोत पहिचान, निर्माण र परिचालनका लागी योजना बनाई लागु गरीनेछ ।

१९. सवै स्थानिय तहहरुको सन्तुलित विकासको लागि आफ्नो आन्तरिक श्रोत कम भएका स्थानिय तह हरुमा संघ र प्रदेश सरकार वाट प्राप्त हुने विशेष अनुदान वढाउन अनुरोध गरिनेछ ।

२०. स्थानिय तहको बेरुजु सम्परिक्षण तथा फछ्र्यौट सम्बन्धी कार्यको लागी सरोकारवाला निकाय सँग समन्वय तथा सहजीकरण गरी कार्य अगाडि बढाइनेछ ।

२१. स्थानीय तहको सफ्टवेयरमा आधारित मूल्यांकन प्रणालीः स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (Local Government Institutional Capacity Self-Assessment - LISA), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (Fiduciary Risk Reduction Action Plan- FRRAP) मा सबै पालिकालाई न्यून जोखिमको स्तरमा पु¥याउन सबै पालिकामा कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइने छ ।

२२. स्थानीय तहको प्रगति तथा अनुगमन कार्य प्रभावकारी रुपमा सञ्चालन गर्ने हेतुले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्वारा विकसित प्रविधिमा आधारीत **“Pragati MoFAGA”** मार्फत स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली कार्यविधि, २०८० मा आधारीत रही आवधिक प्रगती विश्लेषण तथा अनुगमन कार्यलाई थप प्रभावकारी तथा वस्तुनिष्ठ बनाइने छ ।

२३. पालिका र प्रदेश तथा संघीय कार्यालयहरु बिचको समन्वय प्रभावकारी बनाई दोहोरोपना हटाई कामको गुणस्तरमा समेत सुधार गर्न पालिका र कार्यालयहरु बिच नियमित समन्वयात्मक बैठकको आयोजना गर्न सबै प्रदेश तथा संघीय कार्यालयलाई अनुरोध गर्ने र यसको सहजीकरण सबै पालिकाले गर्ने व्यवस्था गरिनेछ ।

२४. स्थानीय सरकार सञ्चालनका लागी पालिकाहरुमा कती कानून बने ? कति बनेनन् ? कति कार्यान्वयनमा गए वा गएनन् भन्ने सम्बन्धमा प्रत्येक गाउँपालिका र नगरपालिकाले तर्जुमा गरेका कानूनहरूको अभिलेखीकरण र विश्लेषण गरिनेछ।

२५. जिल्लाभित्रका स्थानीय तहहरुलाई क्षमता विकास योजना (CDP) निर्माण गर्न सहजिकरण गरि क्षमता विकास योजना अनुसार जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि हुने कार्यक्रम संचालन गर्न सहजीकरण गरी प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

२६. जिल्ला भित्रका पालिकाहरुमा विद्यार्थी, शिक्षक अनुपातमा देखिएको ठुलो भिन्नतालाई कम गरी सकेसम्म सबै पालिकाहरुमा विद्यार्थी, शिक्षक अनुपातमा एकरुपता ल्याउन पहल गरिनेछ । यसको लागी स्थानीय तहहरु र शिक्षा समन्वय इकाई सँग समन्वय गर्न जिल्ला समन्वय समितिले समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

२७. विद्यालय, विद्यार्थी अनुपातलाई विश्लेषण गरी विद्यालयहरुलाई एक आपसमा मर्ज गर्ने कार्यलाई स्थानीय तहले प्रथमीकताको साथ अगाडी बढाउने व्यवस्था मिलाउने र यसरी विद्यालय गाभ्दा भौगोलिक विकटता र विद्यालय जाँदा विद्यार्थीले पार गर्नु पर्ने दुरीलाई विशेष ध्यान दिनुपर्नेछ ।

२८. SEE परिक्षा नतिजालाई समेत ध्यानमा राखी शिक्षा क्षेत्रको सुधारको लागी सबै स्थानीय तहहरुमा शिक्षा सुधार योजना तयार गरी लागु गरिनेछ ।

२९. समग्र शिक्षा क्षेत्रको सुधार तथा जिल्लामा रहेका नीजि र सामुदायीक विद्यालय बिचको गुणस्तरीयतामा देखीएको खाडल कम गर्ने सम्बन्धमा सरोकारवाला पक्षहरु बिच जिल्ला समन्वय समिति, नुवाकोटले अन्तर्कीया कार्यक्रमहरु आयोजना गर्नेछ ।

३०. पोष्ट बहादुर बोगटी बहु-प्राविधिक शिक्षालय र पालिकाहरु बिच सम्झौता गरी प्रत्येक पालिकाबाट केही विद्यार्थीहरुलाई निःशुल्क रुपमा प्रविधिक शिक्षा (कृषि क्षेत्रलाई पहिलो प्रथमिकतामा राखी) प्रदान गरीने व्यवस्था मिलाउने । यसको लागी आवश्यक बजेट सम्बन्धित पालिकाले व्यवस्थापन गर्ने ।

३१. जिल्लाका बाह्र वटै स्थानीय तहहरु मध्ये आधारभूत स्वास्थ्य सँस्था निर्माण हुन बाँकी स्थानीय तहहरुमा सो निर्माण तथा सञ्चालनको लागी सम्बन्धित निकायमा पहल गरीनेछ ।

३२. जिल्ला समन्वय समितिमा सरकारी, गैरसरकारी, सहकारी, सामुदायिक र निजी क्षेत्रको समेत सूचना संकलन गरी सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने व्यवस्था गरिनेछ । साथै स्थानीय तहहरुले तर्जुमा गरेका कानूनहरुको संकलन गरी अभिलेखीकरण गरिनेछ । यसको लागी सबै पालिकाहरुमा तर्जुमा भएका ऐन तथा कानूनहरुको Soft Copy जिल्ला समन्वय समितिमा उपलब्ध गराइने व्यवस्था गरिनेछ ।

३३. वनक्षेत्र नजिकको क्षेत्रमा वन्यजन्तु र त्यहाँका बासिन्दाहरुको बिचमा द्वन्द्ध हुने गरेको छ । वन्यजन्तुहरु बस्तीमा पसेर बालीनाली सखाप पार्नेदेखि घरपालुवा जनावरलाई समेत नोक्सानी पुऱ्याउने गरेका छन् । मानिस माथी पनि वन्यजन्तुले आक्रमण गर्ने गरेका छन् । वन्यजन्तुको बासस्थान र आहारामाथिको मानिसको अतिक्रमण कम गरी वन्यजन्तुलाई बस्तीमा आउन नदिन व्यवस्थापनका उचित उपायहरु अवलम्बन गर्न सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरिनेछ।

३४.जिल्लामा रहेका सबै कार्यालयहरु तथा पालिकामा रहेका जनशक्तिको कमीलाई सुधार गर्नको लागी सबै पालिका तथा स्थानीयतहले सम्बन्धित निकायमा समयमै माग आकृती फारम भरी पठाउने र त्यसको अनुगमन जिल्ला समन्वय समितिले गर्ने व्यवस्था गरिनेछ ।

३५.जिल्लामा रहेका दुप्चेश्वर, चिम्टेश्वर, जालपादेवी, वनदेवी, भैरवीदेवी, नुवाकोट दरवार क्षेत्र ककनी, घ्याङस्वारा, किस्पाङ पोखरी, किस्पाङ नौघडेरी, टुँडि पार्क, बुङ्गताङ बुद्धपार्क, लौके झरना, उत्तरगयाधाम, सूर्यकुण्ड, सागरकुण्ड जस्ता धार्मिक ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको विकासका लागी एकीकृत योजना बनाई लागु गर्न सरोकारवाला सबैमा अनुरोध गर्ने ।

३६. दुप्चेश्वर-घ्याङ्गफेदी-सूर्यकुण्ड हुँदै रसुवाको गोसाइकुण्ड जाने पर्यटकीय पदमार्गको विकास गरीनेछ । सो पदमार्गमा पर्ने सूर्यकुण्ड, सागरकुण्ड लगायतका सिमसार तथा पर्यटकीय क्षेत्रको समेत अध्ययन तथा विकासमा टेवा पुग्ने गरी आन्तरीक तथा बाह्य पर्यटन प्रवर्धनका कार्यक्रम अगाडी बढाइनेछ ।

३७.चीन सरकारको सहयोगमा सुरु भएको नुवाकोट जिल्लाको ऐतिहासिक नुवाकोट दरवारको पूनर्निर्माणको काम चाँडो सकाउन सरोकारवाला सबैमा अनुरोध गर्ने । स्थानीय स्तरमा पुनर्निर्माण कार्यलाई कुनै व्यवधान बिना सहज रुपमा सञ्चालन गर्न विदुर नगरपालिकाले सकृय भूमिका निर्वाह गर्ने । चिनीया पक्ष सँगको समन्वयकारी भूमिका जिल्ला समन्वय समितिले निर्वाह गरीनेछ ।

३८.तथ्यमा आधारीत नीति निर्माण नै विकासको आधार हो, तसर्थ सबै पालिकाको आफ्नो पालिकाको बास्तविक वस्तुस्थिति बुझ्नको लागी पालिका प्रोफाइल निर्माण गर्ने र सो आधारमा नीति निर्माण तथा बजेट बिनियोजन गर्ने व्यवस्था मिलाउने ।

३९.जिल्ला समन्वय समितिको कार्यालय परिसर तथा कम्पाउण्ड सुधार, मर्मत र सौन्दर्यकरणका लागी शहरी विकास तथा भवन कार्यालय, नुवाकोटलाई अनुरोध गरीनेछ र आवश्यकता अनुसार जि.स.स. मौज्दात कोषबाट भएपनी सो कार्य गरीनेछ ।

४०. पालिकाहरुबाट प्राप्त सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन तयार गरीएको **"स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) कार्यविधि, २०७७"** र स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन तथा वित्तीय सुशासनलाई संस्थागत गर्न निर्मित **वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) कार्यविधि, २०७७** अनुसार नुवाकोट जिल्लाका बाह्र स्थानीय तहहरु मध्ये अब्बल ठहरीएका स्थानीयतहलाई जि.स.स.द्वारा सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४१.जिल्लाका सबै गाउँपालिका तथा नगरपालिकाहरुले शिक्षा सम्बन्धि नीति तथा कार्यक्रमहरु निर्माण गर्दा रोजगारमुखी शिक्षा र शिक्षालाई कृषि क्षेत्र सँग आवद्ध गरी प्रतिफलमुखी शिक्षा नीति निर्माण गरिनेछ ।

४२. जिल्ला समन्वय समितिको समन्वयमा प्रत्येक महीना पालिका प्रमुख/उप प्रमुख, अध्यक्ष/उपाध्यक्ष, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, प्रमुख प्रशासकिय अधिकृत लगाएतको उपस्थितिमा समन्वयात्मक बैठक आयोजना गरीनेछ ।यस्तो बैठकको व्यवस्थापन सबै पालिकाहरुले आलोपालो गरी गर्ने ब्यवस्था गरिनेछ ।

४३.जिल्ला समन्वय समिति, नुवाकोटको आयोजनामा हुने प्रत्येक समिक्षा बैठक तथा अन्य बैठकहरुमा भएका उपस्थितिको विवरण जिल्ला समन्वय समितिले विभिन्न माध्यम बाट सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

४४. नुवाकोट जिल्लाको सिमानाको केही स्थानमा देखीएको द्विविधा समाधानका लागी छिटो भन्दा छिटो नापी विभाग सँग समन्वय गरी शिघ्र सो समस्या समाधान गरीनेछ ।

**आदरणीय यस जिल्ला सभाका सदस्य ज्यूहरु !**

**६. चालु आ.व. २०८१/०८२ मा नुवाकोट जिल्लाको समग्र बजेटको पालिका/निकायगत विवरण यस प्रकारको रहेको छः-**

- जिल्ला समन्वय समिति नुवाकोटको चालु आ.व. २०८१/०८२ को लागी संघीय सरकार बाट रु. १ करोड ५० लाख ४७ हजार, र बागमती प्रदेश सरकार बाट रु. ४० लाख बजेट विनियोजित भएको छ, उक्त रकम प्राप्त अख्तियारीमा तोकीए अनुसार कार्यान्वयन गरिनेछ ।

- **<u>पालिकागत बजेट विवरणः</u>**

| क.स. | पालिका | व्यय अनुमान | | |
|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा |
| १ | बेलकोटगढी नगरपालिका | ६०१,२६८,९५०.०० | ३४६,११०,०००.०० | ९४७,३७८,९५०.०० |
| २ | विदुर नगरपालिका | ६९६,६३१,०००.०० | ४१८,७२५,०००.०० | १,११५,३५६,०००.०० |
| ३ | ककनी गाउँपालिका | ४१३,९४१,३००.०० | १९१,१६२,०००.०० | ६०५,१०३,३००.०० |
| ४ | किस्पाङ गाउँपालिका | २७५,८५८,१०५.०० | १९२,७४०,३९६.०० | ४६८,५९८,५०१.०० |
| ५ | तादी गाउँपालिका | ३१८,२६३,८१२.८४ | १५०,७५०,०००.०० | ४६९,०१३,८१२.८४ |
| ६ | तारकेश्वर गाउँपालिका | २६४,४६७,१७६.०० | १६२,५८४,८२४.०० | ४२७,०५२,०००.०० |
| ७ | दुप्चेश्वर गाउँपालिका | ३७१,९६०,६५०.०० | २५९,२२३,४५०.०० | ६३१,१८४,१००.०० |
| ८ | पञ्चकन्या गाउँपालिका | २८९,९७७,५००.०० | १७३,६६०,०००.०० | ४६३,६३७,५००.०० |
| ९ | म्यागङ गाउँपालिका | २७६,०७९,०५०.०० | १६०,०८४,०००.०० | ४३६,१६३,०५०.०० |
| १० | लिखु गाउँपालिका | २८४,४४९,५००.०० | १६४,५४४,१५०.०० | ४४८,९९३,६५०.०० |
| ११ | शिवपुरी गाउँपालिका | ४०२,८५६,०००.०० | १६६,१०७,०००.०० | ५६८,९६३,०००.०० |
| १२ | सूर्यगढी गाउँपालिका | २६०,३८९,०५३.१६ | १७३,१०८,०००.०० | ४३३,४९७,०५३.१६ |
| | जम्मा | ४,४५६,१४२,०९७.०० | २,५५८,७९८,८२०.०० | ७,०१४,९४०,९१७.०० |

- **<u>प्रदेश सरकार बाट विनियोजित भएको कार्यालयगत बजेट विवरणः</u>**

| स्थानीय तह | अन्तिम कायम बजेट | | |
|---|---|---|---|
| | चालु | पूंजीगत | जम्मा |

| | | | |
|---|---|---|---|
| वागवानी विकास केन्द्र, नुवाकोट | २१,४१०,०००.०० | ५५०,०००.०० | २१,९६०,०००.०० |
| कृषि विकास कार्यालय, नुवाकोट | ९४,३२२,०००.०० | ८,७००,०००.०० | १०३,०२२,०००.०० |
| पशु सेवा कार्यालय, नुवाकोट | ५६,०७०,०००.०० | १,२००,०००.०० | ५७,२७०,०००.०० |
| जलस्रोत तथा सिँचाई डिजिजन कार्यालय, नुवाकोट | १२,०००,०००.०० | २२७,०००,०००.०० | २३९,०००,०००.०० |
| उद्योग तथा वाणिज्य कार्यालय, नुवाकोट | १९,९८१,०००.०० | २,६००,०००.०० | २२,५८१,०००.०० |
| डिभिजन वन कार्यालय, नुवाकोट | ४८,१०२,०००.०० | ४६,८१०,०००.०० | ९४,९१२,०००.०० |
| भू तथा जलाधार व्यवस्थापन कार्यालय, नुवाकोट | ९,८४४,०००.०० | ११९,९५०,०००.०० | १२९,७९४,०००.०० |
| पूर्वाधार विकास कार्यालय, नुवाकोट | १५,०००,०००.०० | १,४२३,०५०,०००.०० | १,४३८,०५०,०००.०० |
| शहरी विकास तथा भवन कार्यालय | १९,५००,०००.०० | ७३९,१००,०००.०० | ७५८,६००,०००.०० |
| पोष्ट बहादुर बोगटी बहुप्राविधिक शिक्षालय | २६,३७८,०००.०० | १५,०००,०००.०० | ४१,३७८,०००.०० |
| त्रिशुली अस्पताल | १२६,०९०,०००.०० | ६,०००,०००.०० | १३२,०९०,०००.०० |
| जन-स्वास्थय कार्यालय, नुवाकोट | ६४,९४५,०००.०० | ६,९८०,०००.०० | ७१,९२५,०००.०० |
| आयुर्वेद तथा बैकल्पिक चिकित्सालय, नुवाकोट | २१,०४४,०००.०० | ३,८७०,०००.०० | २४,९१४,०००.०० |
| जिल्ला समन्वय समिति नुवाकोट | ४,०००,०००.०० | ०.०० | ४,०००,०००.०० |
| प्रदेश लेखा इकाई कार्यालय | ७६६,६७१,०००.०० | २,६००,०००.०० | ७६९,२७१,०००.०० |
| मालपोत कार्यालय | १,१००,०००.०० | ०.०० | १,१००,०००.०० |
| नापी कार्यालय | ७००,०००.०० | ०.०० | ७००,०००.०० |
| **जम्मा** | **१,३०७,१५७,०००.००** | **२,६०३,४१०,०००.००** | **३,९१०,५६७,०००.००** |

❒ **संघ सरकार अन्तर्गतका कार्यालयहरुको कार्यालयगत विवरणः**

| क्र.स. | कार्यालयको नाम | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | जिल्ला अदालत नुवाकोट | २८,९०९,०००.०० | २,६४०,०००.०० | ३१,५४९,०००.०० |
| २ | जिल्ला निर्वाचन कार्यालय, नुवाकोट | ५,०३२,०००.०० | ०.०० | ५,०३२,०००.०० |
| ३ | जिल्ला सरकारी वकिल कार्यालय नुवाकोट | ६,१९३,०००.०० | ४१०,०००.०० | ६,६०३,०००.०० |
| ४ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ४,१२२,९०१,०००.०० | ३००,०००.०० | ४,१२३,२०१,०००.०० |
| ५ | जलस्रोत तथा सिंचाई विकास डिभीजन | ०.०० | ३,३२०,०००.०० | ३,३२०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ६ | परियोजना कार्यन्वयन इकाई | ६२,८४८,०००.०० | ५,५२०,०००.०० | ६८,३६८,०००.०० |
| ७ | खाध्य प्रविधि तथा गुण नियन्त्रक डिभिजन कार्यालय | ४,६९८,०००.०० | ०.०० | ४,६९८,०००.०० |
| ८ | चिया विस्तार योजना | १०,५२२,०००.०० | १००,०००.०० | १०,६२२,०००.०० |
| ९ | भेडा अनुवांशिक स्रोत केन्द्र पानसय खोला | १५,१४०,०००.०० | ४,१००,०००.०० | १९,२४०,०००.०० |
| १० | मत्स्य अनुसन्धान केन्द्र | २२,७२१,०००.०० | ८,६००,०००.०० | ३१,३२१,०००.०० |
| ११ | कारागार कार्यालय नुवाकोट | १८,५०९,०००.०० | ६५०,०००.०० | १९,१५९,०००.०० |
| १२ | इलाका प्रहरी कार्यालय सिक्रे | ३१,९८२,०००.०० | १,०६०,०००.०० | ३३,०४२,०००.०० |
| १३ | इलाका प्रहरी कार्यालय खरानीटार | २६,११८,०००.०० | १,६१०,०००.०० | २७,७२८,०००.०० |
| १४ | इलाका प्रहरी कार्यालय पन्चकन्या | २३,१६९,०००.०० | ७८०,०००.०० | २३,९४९,०००.०० |
| १५ | शसस्त्र प्रहरीबल नेपाल न १९ गुल्म | ९३,९७४,०००.०० | ७९६,०००.०० | ९४,७७०,०००.०० |
| १६ | इलाका प्रशासन कार्यालय, सतविसे | ४,६८३,०००.०० | ४००,०००.०० | ५,०८३,०००.०० |
| १७ | स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालय | ३,५००,०००.०० | ०.०० | ३,५००,०००.०० |
| १८ | गल्छी त्रिशुली मैलुंग स्याफ्रुबेसी सडक कार्यालय | १२,३२७,०००.०० | १,८६२,३००,०००.०० | १,८७४,६२७,०००.०० |
| १९ | सडक डिभिजन नुवाकोट | १८,८०३,०००.०० | ९९३,२००,०००.०० | १,०१२,००३,०००.०० |
| २० | यान्त्रिक कार्यालय,नुवाकोट | १६,८५४,०००.०० | १६,०७०,०००.०० | ३२,९२४,०००.०० |
| २१ | नं. १ सैन्य तालिम केन्द्र | ७१९,३१२,०००.०० | ०.०० | ७१९,३१२,०००.०० |
| २२ | श्री शेर गण | ३९३,८८७,०००.०० | १७,४००,०००.०० | ४११,२८७,०००.०० |
| २३ | शिक्षा विकास तथा समन्वय इकाई | १२,१४५,०००.०० | २५०,०००.०० | १२,३९५,०००.०० |
| २४ | जिल्ला हुलाक कार्यालय | ४७,७८८,०००.०० | २,८००,०००.०० | ५०,५८८,०००.०० |
| २५ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | १४,१०८,०००.०० | ५५०,०००.०० | १४,६५८,०००.०० |
| २६ | जिल्ला प्रहरी कार्यालय | २२४,८३२,०००.०० | ६,७७५,०००.०० | २३१,६०७,०००.०० |
| २७ | जिल्ला प्रशासन कार्यालय | २२,४८७,०००.०० | १,७४०,०००.०० | २४,२२७,०००.०० |
| २८ | मालपोत कार्यालय | २१,७६८,०००.०० | ६१४,०००.०० | २२,३८२,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २९ | नापी कार्यालय | १७,८३२,०००.०० | ९५०,०००.०० | १८,७८२,०००.०० |
| ३० | जिल्ला समन्वय समिति नुवाकोट | १५,०४७,०००.०० | ०.०० | १५,०४७,०००.०० |
| **जम्मा** | | ६,०१८,०८९,०००.०० | २,९३२,९३५,०००.०० | ८,९५१,०२४,०००.०० |

**समग्रमा, नुवाकोट जिल्लाको बजेटको अवस्था चालु तर्फ रु. ११,७८१,३८८,०९७, र पूँजीगत तर्फ रु. ८,०९५,१४३,८२० गरी जम्मा रु.१९,८७६,५३१,९१७ रहेको देखिन्छ ।**

**आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु,**

जिल्ला समन्वय समितिले आयोजना गरेको यस ऐतिहासिक आठौं जिल्ला सभामा जिल्ला सभा सदस्यको हैसियतमा उपस्थित भई सक्रीय सहभागी हुनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै नुवाकोट जिल्लाको विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा गरेको छु । धन्यवाद !!!

रजिन्द्र विक्रम सिं ठकुरी
प्रमुख
जिल्ला समन्वय समिति

२१ असोज, २०८१